# नेपाल राष्ट्र बैंक

पोखरा कार्यालय

## हवाईजहाज भाडामा लिने बारेको पुनः सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**पुनः प्रकाशित मिति : २०७३/०६/०९**

**पुनः सिलबन्दी दरभाउपत्र आईपुग्नु पर्ने अन्तिम मिति : २०७३/०६/१६ (दिनको ३:०० बजेभित्र)**

**दरभाउपत्र खोल्ने मिति :२०७३/०६/१६ (समय : दिनको ४:०० बजे)**

नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट मुस्ताङ जिल्लाको जोमसोम स्थित नेपाल बैंक लिमिटेडमा रहेको नोटकोषमा तोडाचलान कार्य गर्नका लागि हवाईजहाज भाडामा लिनु पर्ने भएकोले उक्त सेक्टरमा हवाईसेवा सञ्चालनको अनुमती पाएका हवाई कम्पनीहरुले सूचनामा तोकिएको मिति तथा समयभित्र यस कार्यालयमा आईपुग्ने गरी पुनः सिलबन्दी दरभाउपत्रहरु पेश गर्न आव्हान गरिन्छ ।

शर्तहरु

१. दरभाउपत्र पेश गर्नेले दरभाउपत्रको साथ पोखरा-जोमसोम-पोखरा सेक्टरमा हवाईजहाज सेवा सञ्चालनको अनुमतीपत्रको प्रतिलिपि संलग्न गर्नुपर्ने छ ।

२. प्रत्येक सेक्टरका लागि दरभाउपत्र पेश गर्दा दरभाउपत्र पेश गर्नेले आफूले दरभाउपत्रमा कबुल गरेको कुल रकमको कम्तीमा ३ (तीन) प्रतिशतले हुन आउने रकममा नघटाई यस बैंकको स.क्रे.हि. खाता नं. १८०९९९९.०११.०००.५२४ नगद जम्मा गरेको भौचर वा यस बैंकबाट ईजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबाट दरभाउपत्र पेश गर्ने अन्तिम मितिले कम्तीमा ७५ (पचहत्तर) दिनको लागि जारी गरेको सो रकम बराबरको जमानत पत्र पेश गर्नु पर्नेछ ।

३. दरभाउपत्र पेस गरेको खामको बाहिरपट्टी शीरमा सेक्टर उल्लेख गरी **"हवाईजहाज भाडामा लिने सम्वन्धमा"** भन्ने व्यहोरा लेखी **श्री निर्देशकज्यू नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय**लाई सम्बोधन गरिएको सिलबन्दी खाम हुनु पर्नेछ ।

४. प्राप्त दरभाउपत्र स्वीकार गर्ने, नगर्ने तथा दरभाउपत्र पूर्णरुपमा वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

५. दरभाउपत्र खोलिने दिनमा सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट सोही समयमा दरभाउपत्र पेश गर्ने वा निजको प्रतिनिधिहरुको रोहबरमा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयमा दरभाउपत्र खोलिने छ, तर दरभाउपत्र पेश गर्ने वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६. दरभाउपत्र यस बैंकको आन्तरिक प्रशासन फाँटबाट प्रत्येक सेक्टरका लागि रु. ५००।- (अक्षरेपी पाँच सय मात्र) तिरी (फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।

७. निर्णय अनुसार स्वीकृति पाउने हवाई कम्पनीले सूचना पाएको मितिले ७ (सात) दिन भित्र आफूले कबूल गरेको रकमको ५ (पाँच) प्रतिशतले हुने नगदै वा कुनै बैंक वा वित्तीय संस्थाले १ (एक) वर्षका लागि जारी गरेको कार्य सम्पादन जमानत (Performance Guarantee) पेश गरी खरिद सम्झौता गर्नुपर्नेछ ।

८. यस सम्बन्धी अन्य शर्तहरु बैंकले दरभाउपत्रमा उल्लेख गरे अनुसार हुनेछ । थप जानकारी चाहिएमा यस कार्यालयको फोन नं. ०६१-४६२७१४ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

९. उपरोक्त अनुसार रीत नपुगेको वा म्यादभित्र प्राप्त नभएको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

१०. यो सूचना www.nrb.org.np मा समेत हेर्न सकिनेछ ।

**निर्देशक**